"भीमदत्त समृद्धिको आधार पर्यटन, शिक्षा, कृषि र व्यापार"

# भीमदत्त नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

कञ्चनपुर

सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०७६।०७७ मिति: २०७६।०५।१९

च.नं. ५९८

श्री नयाँ प्रकाशन प्रा.ली.
महेन्द्रनगर, कञ्चनपुर

विषय: सूचना प्रकाशन सम्बन्धमा ।

प्रस्तुत विषयमा यसै पत्रासाथ संलग्न सूचना मिति २०७६।०५।२० गते तहाँ राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन हुने गरी प्रकाशित गरिदिनहुन अनुरोध छ ।

हरि दत्त जोशी
संयोजक छनौट समिति

Email: bmuncipality@gmail.com; info@bheemdattamun.gov.np
Website: http://bheemdattamun.gov.np

# भीमदत्त नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

( प्रथम पटक प्रकाशित मितिः २०७६।०५।२० गते )

**नगर प्रहरी भर्ना सम्बन्धी सूचना**

भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुरमा रिक्त रहेको **नगर प्रहरी सहायक निरिक्षक** र **नगर प्रहरी जवान** पदहरुमा खुला प्रतियोगिताद्वारा समावेशी प्रावधान अनुसार करार पदपूर्ती गर्नु पर्ने भएकाले देहाय बमोजिमका योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आह्वान गरिन्छ ।

१. आवश्यक पद संख्याः

| विज्ञापन नं. | पद | खुला | समावेशी समूह | | | | | जम्मा माग पद संख्या |
|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | आ.ज. | मधेशी | दलित | पि.क्षे. | |
| ०१।०७६।०७७ | नगर प्रहरी सहायक निरिक्षक | १ | - | - | - | - | - | १ |
| ०२।०७६।०७७ | नगर प्रहरी जवान | १५ | ४ | ३ | ३ | १ | १ | २७ |

२. **दरखास्त फारम दर्ता मितिः** २०७६।०५।२० गते, बिहान १०:०० बजे देखी २०७६।०६।०३ गते, दिनको १७:०० बजे सम्म (सार्वजनिक विदाको दिन बाहेक) । दोब्बर दस्तुर तिरि २०७६।०६।१० गते दिनको १५:०० बजे सम्म फारम बुझाउन सकिने छ ।

३. **दरखास्त फारम प्राप्त तथा बुझाउने स्थानः** भीमदत्त नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, कञ्चनपुर ।

४. **दरखास्त राजश्व दस्तुरः**
- **नगर प्रहरी सहायक निरिक्षक** पदका लागि दरखास्त फारम साथ राजश्व दस्तुर वापत रु. ५००।- (पाँच सय) बुझाउनु पर्नेछ ।
- **नगर प्रहरी जवान** पदका लागि दरखास्त फारम साथ राजश्व दस्तुर वापत रु. ३००।- (तीन सय) बुझाउनु पर्नेछ ।
- साथै एक भन्दा बढी समूहमा दरखास्त दिने उम्मेदवारहरुको हकमा प्रत्येक समूहको लागि थप रु. १००।- (एक सय) का दरले थप दस्तुर लाग्ने छ ।

५. आवश्यक न्युनतम योग्यताहरुः

| पद | न्युनतम योग्यता |
|---|---|

| | |
|---|---|
| नगर प्रहरी सहायक निरिक्षक | १. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा उच्च माध्यमिक (१०+२) वा प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरेको ।<br>२. नैतिक पतन देखिने फौजदारी अभियोग सजाय नपाएको ।<br>३. राजनैतिक दलको सदस्य नरहेको ।<br>४. आतङ्कारी सङ्गठनको सदस्य नरहेको ।<br>५. भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको ।<br>६. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको ।<br>७. नेपाली नागरिक ।<br>८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।<br>९. उचाई, छाती र तौलः<br>(क) पुरुषः उचाई घटीमा ५ फीट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) महिलाः उचाई घटीमा ५ फीट, तौल ४२ के.जी. |
| नगर प्रहरी जवान | १. शैक्षिक योग्यताः मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा १० (दश) कक्षा उत्तीर्ण गरेको ।<br>२. नैतिक पतन देखिने फौजदारी अभियोग सजाय नपाएको<br>३. राजनैतिक दलको सदस्य नरहेको<br>४. आतङ्कारी सङ्गठनको सदस्य नरहेको<br>५. भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी नोकरीबाट बर्खास्त नभएको,<br>६. स्वीकृत चिकित्सकबाट निरोगिताको प्रमाणपत्र पाएको<br>७. नेपाली नागरिक ।<br>८. आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।<br>९. उचाई, छाती र तौलः<br>(क) पुरुषः उचाई घटीमा ५ फीट २ ईन्च, छाती ३१-३३, तौल ५० के.जी.<br>(ख) महिलाः उचाई घटीमा ५ फीट, तौल ४२ के.जी. |

६. **उमेर हदः** दरखास्त फारम दर्ता गर्ने अन्तिम मिति सम्म १८ वर्ष पूरा भई २४ वर्ष ननाघेको हुनुपर्नेछ ।

७. **दरखास्तसाथ समावेश गर्नुपर्ने कागजातहरुः**

क) नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि १ (एक) प्रति ।

ख) हालसालै खिचेको पुरै मुखाकृति (दुबै कान समेत) प्रष्ट देखिने एकै किसिमको पासपोर्ट साइजको फोटो ५ (पाँच) प्रति ।

भीमदत्त नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल
२०७३

ग) आफूले प्राप्त गरेको न्यूनतम शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि १/१ (एक/एक) प्रति, नेपाल बाहिर अध्ययन गरेको हकमा त्रि.वि.वि.बाट समकक्षता निर्धारणको प्रमाणपत्र (Equivalent Certificate) पेश गर्नु पर्नेछ।

घ) **आदिवासी/जनजाती**का लागि नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठानबाट आदिवासी जनजाती भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि - १ (एक) प्रति। तर, नेपाल आदिवासी/जनजाती राष्ट्रिय उत्थान प्रतिष्ठान ऐनमा सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका/नगरपालिकाको वडा तहबाट सूचिकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

ङ) **दलित**का लागि राष्ट्रिय दलित आयोगबाट दलित भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि -१ (एक) प्रति। तर, राष्ट्रिय दलित आयोगबाट सूचिकृत भएको जाति भित्र एक भन्दा बढी थरहरु भएमा सम्बन्धीत स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका/नगरपालिकाको वडा तहबाट सूचिकृत भएको जाती भित्रको थर भनी प्रमाणित गराई दरखास्त साथ पेश गर्नुपर्नेछ।

च) **मधेसी**का लागि नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थाबाट मधेसी भनि प्रमाणित भएको तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी संस्था नतोकेसम्मका सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारी वा गाउँपालिका/नगरपालिकाको वडा तहबाट मधेसी भनी प्रमाणित भएको प्रमाणपत्रको प्रतिलिपि-१ (एक) प्रति।

छ) **पिछडिएको क्षेत्र**का लागि (अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला) जिल्लामा स्थायी बसोबास गरी सम्बन्धित जिल्लाबाट नै नागरिकताको प्रमाण पत्र प्राप्त गरेको तथा सम्बन्धित गाउँपालिका वा नगरपालिकाबाट दरखास्त पेश गर्दाका वखतसम्म सोही स्थानमा स्थायी बसोबास गरेको सिफारिसको प्रतिलिपी – १ (एक) प्रति। सो सिफारिस पत्र सिफारिस भएको मितिले ३ महिना अवधिको लागि मात्र मान्य हुनेछ। स्थायी बसोबास भएको जिल्ला बाहेक अन्यत्र जिल्लाबाट नागरिकता लिएको भएमा नागरिकता जारी भएको जिल्ला प्रशासन कार्यालयबाट सो गर्नु पर्नाको कारण उल्लेख भएको पत्र लिएको हुनु पर्ने।

ज) दरखास्त फारमसँग संलग्न राखी पेश गर्ने कागजातहरुको प्रतिलिपिको पछाडीपट्टि **'सक्कल बमोजिम नक्कल ठिक छ'** भनि उम्मेदवार स्वयम्ले अनिवार्य रुपमा दस्तखत गर्नु पर्नेछ।

८. **छनौट विधि:** प्रारम्भिक स्वास्थ्य परिक्षण तथा शारीरिक तन्दुरुस्ती परीक्षा, लिखित परिक्षा र अन्तरवार्ता।

९. **कार्यक्षेत्र तथा कामको प्रकृती:** भीमदत्त नगरपालिका नगर प्रहरी सम्बन्धी कार्यविधि, २०७५ मा उल्लेख भए बमोजिमको।

१०. **सम्पर्क मिति तथा स्थान:** सम्पर्क मिति पछि तोकिने छ।

पुनश्च:

१. हरेक चरणको परिक्षा समाप्ती पछी नतिजा प्रकाशन गरिनेछ र उत्तीर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परिक्षामा सम्मिलित गराइनेछ।

२. दरखास्त पेश गर्दा सक्कल प्रमाणपत्रहरु साथमा लिई उम्मेदवार स्वयम् उपस्थित हुनु पर्नेछ।

३. यस विज्ञापन सम्बन्धी थप जानकारीका लागि यस नगरपालिकाको वेभसाईटः *www.bheemdattamun.gov.np* मा समेत हेर्न सकिनेछ र दरखास्त फारम सोही वेभसाईटबाट डाउनलोड गरी आवश्यक कागजातहरुको स्वयंले प्रमाणित गरेको नक्कल प्रति संलग्न राखी यस कार्यालयमा पेश गर्न सकिने छ ।